नेपाल सरकार
अर्थ मन्त्रालय

# राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय

पथलैया, बारा

## लिलाम बिक्रीको शीलबन्दी दरभाउपत्र आब्हानको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०७३/१०/२६)

यस कार्यालयमा विभिन्न मितिमा दाखिला भएका तपशील बमोजिमका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामै शीलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बढाबढद्वारा बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्महरुबाट निम्न शर्तको अधिनमा रही भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४ बमोजिम लिलाम बढाबढ गर्न यो शीलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । यससम्बन्धी विवरण राजस्व अनुसन्धान विभागको website www.dri.gov.np मा समेत हेर्न सकिने छ ।

१. दरभाउपत्रसम्वन्धी कागजातहरु खरिद गर्न निवेदन साथ मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र सुर्ती तथा सुर्तीजन्य पदार्थमा अन्तःशुल्क प्रमाणपत्र अनिवार्य हुनु पर्ने र आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रसहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु. ३००/-, रु. १ लाख भन्दामाथी १० लाखसम्मको लागि रु. १,०००/- र १० लाखभन्दा माथिका लागि २,०००/- फिर्ता नहुने गरी बुझाएको आम्दानी रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले १५औं (पन्ध्रौं) दिनसम्म दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. आफूले कबोल गर्ने दरभाउपत्रसम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राईटर आफैंले सहिछाप गरी शीलबन्दी खाम बाहिर “श्रीमान प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारा” र माथिपट्टी मुद्दा नं. र आ.व. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिन मध्यान्न १२:०० बजेभित्र यस कार्यालय वा जिल्ला प्रशासन कार्यालय कलैया वारा वा आन्तरिक राजस्व कार्यालय सिमरा वारामा दर्ता गर्न सकिने छ । यसरी दर्ता हुन आएका शीलबन्दी दरभाउपत्रहरु सोही दिन १४:०० बजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा राजस्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैयामा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा पनि शीलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रत्येक मु.नं. को छुट्टाछुट्टै शीलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कलैया बाराको राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०२०३०००००० मा फर्मको नामबाट रकम जम्मा गरेको चौथो प्रति सक्कल भौचर शीलबन्दी दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक शीलबन्दी दरभाउपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ । गत आ.व. हरूको भौचर मान्य हुने छैन । भौचर सम्बन्धित फर्मको नामबाट नै अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

५. आफूले कबोल गरेको मूल्य (मु.अ.कर र अन्तःशुल्क लाग्ने सुर्ती र सुर्तीजन्य वस्तुमा अन्तःशुल्कवाहेकको रकम) अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ । नलगेमा प्रचलित ऐन, नियम बमोजिम कारवाही हुनेछ ।

७. लिलाम विक्री हुने सामानहरु हेर्न वा अन्य कुराहरु बुझ्न चाहेमा यस कार्यालयमा कार्यालय खुलेको दिन १४:०० बजेदेखि १६:०० बजेसम्म सम्पर्क गरी हेर्न वा बुझ्न सकिनेछ ।

८. शीलबन्दी दरभाउपत्रसम्बन्धी कागजातहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. अन्तःशुल्क स्टिकर लगाउनु पर्ने मालबस्तुको हकमा कवोल गर्ने फर्मले आफ्नै खर्चमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट लाग्ने शुल्क तिरी अन्तःशुल्क स्टिकर खरिद गरी यस कार्यालयको रोहवरमा उक्त स्टिकर टाँस गरेर मात्र सामान उठाई लैजान दिईने छ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

## तपशील

| क्र.सं. | मुद्दा नं. | आ.व. | सामानको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| १ | १२१ | ०७३/७४ | कालो दाल १२०६ बोरा र रहर दाल १८५ बोरा | ४१,७३,०००/- |
| २ | १६३ | ०७३/७४ | कोटा सारी २८ थान र लेगीज ४ थान | ८,०००/- |
| ३ | १६५ | ०७३/७४ | राजनिवास पान मसला १३५ केजी, पानपराग पान मसला १२.३७५ केजी, तुलसी जर्दा सुर्ति ६.३ केजी र महापसन्द जर्दा सुर्ती ८.१ केजी | २७,१८०/- |
| ४ | १६७ | ०७३/७४ | थर्माकोट २४० सेट, मोटरसाईकलको हेडलाईट ८ पीस, मोटरसाईकलको ईण्डिकेटर ८ सेट र मोटरसाईकलको टेललाईट १० पीस | ९१,०५०/- |
| ५ | १६९ | ०७३/७४ | ईण्डियन चामल १०० केजी, ईण्डियन मुसुरी दाल २५ केजी, ईण्डियन रहर दाल २५ केजी | १३,०००/- |
| ६ | १७० | ०७३/७४ | सुटिङ कपडा १४५ मी | ६५,०२१/- |
| ७ | १७६ | ०७३/७४ | रजनीगन्धा ८५ केजी | ४२,५००/- |

| क्र.सं. | मुद्दा नं. | आ.व. | सामानको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|---|
| ८ | १७७ | ०७३/७४ | धुलो सुर्ती ४९ केजी र डाँट पत्ता सुर्ति २१ केजी | ६३२०/- |
| ९ | १७८ | ०७३/७४ | लेगिज ४१ पीस, सुति कुर्था १०१ पीस र बच्ची फ्रक ११८ पीस | ३७,८५०/- |
| १० | १७९ | ०७३/७४ | जुत्ता ८८ जोर | ४७,३४४/- |
| ११ | १८० | ०७३/७४ | पत्ता सुर्ति ४० केजी र धुलो सुर्ती १७ केझि | ५३६०/- |
| १२ | १८२ | ०७३/७४ | जिन्स पाईन्ट ४८ पीस, फुल सर्ट ३० पीस, कट्टु ४५० पीस, वेवी हाफ पाईन्ट ६० पीस, बेबी सुरुवाल ४४० पीस, गेम सेट १२० पीस, लेडिज सुरुवाल ४०० पीस, टाई १०० पीस, कैची १४४ पीस, फिसिङ ग्लु ६० पीस, हेयर ट्रिटमेन्ट क्रिम १००० मि लि २४ पीस र हेयर ट्रिटमेन्ट क्रिम ५०० मि लि ३६ पीस | १,५२,०२४/- |
| १३ | १८५ | ०७३/७४ | वायर रोल ९५ केजी | ९५००/- |